# Operation Cleansing Illegal Drugs and Abuse (Operation CIDA) 073/074

**Action-Plan**

**WRPO Pokhara**

# बिषय सुची

१. पृष्ठभूमि....................................................................................................................३

२. कार्ययोजनाको लक्ष्य...........................................................................................................४

३. कार्ययोजनाका उद्देश्यहरु....................................................................................................४

४. कार्ययोजनाको कार्यान्वयनका लागि जिल्ला लागु औषध नियन्त्रण समिति .............................................४

५.अनुगमन तथा मुल्याङकन.....................................................................................................४

६. कार्ययोजनाको उद्देश्य प्राप्तिका लागि गरिने कार्यक्रम र प्रतिवेदनको ढांचा............................................५- ९

# लागुऔषध नियन्त्रण रणनीतिक कार्ययोजना २०७३

## पृष्ठभूमि:-

बिश्वब्यापी साझा समस्याको रुपमा रही आएको लागू औषधको प्रयोग नेपालमा पनि समस्याको रुपमा देखा परेको छ। नेपालमा मदिरा, सुर्तिजन्य पदार्थ एंव गाँजा चरेसको प्रयोग पनि दिनानुदिन बढ्दै गएको छ। हेरोईन तथा अफिम जस्ता लागुपदार्थको प्रयोगले यो समस्यालाई अझ बढाएको छ। हालका दिनहरुमा सुईको माध्यमबाट लागूपदार्थको प्रयोग क्रम पनि बढ्दै गएको छ। यसमा लागू औषधयुक्त सुई औषधि (Injecting Drugs) तथा सिन्थेसाईज्ड केमिकलहरु (Synthesized Chemicals) समेत लागू औषधको रुपमा प्रयोग हुनुले समस्या अझै बढ्ने क्रम जारी छ।

त्यसैगरि लागू पदार्थको अबैध ओसारपसार एंव कारोवारलाई हातहतियार तस्करी पछिको दोस्रो ठुलो अपराधको रुपमा लिईन्छ। यसको अबैध ओसार-पसार एंव नियन्त्रण गर्न कानुन कार्यान्वयन गर्ने निकायहरु क्रियाशील रहे पनि अन्तराष्ट्रिय रुपमा संगठित र सक्रिय गिरोहहरुको संजालले गर्दा यसको ओसार-पसार र नियन्त्रण गर्ने कार्य चुनौतिको रुपमा देखिएको छ। नेपाल लागूपदार्थ उत्पादन र ओसार-पसार तथा ओसारपसार हुने प्रमुख केन्द्रबिन्दु गोल्डेन ट्र्यांङल र गोल्डेन क्रिसेन्टको नजिक पर्ने हुंदा नेपालको भुमिलाई लागूपदार्थ ओसार-पसार गर्ने सहज बाटोको रुपमा प्रयोग गर्ने गरेको पाईन्छ।

पश्चिम क्षेत्र अन्तर्गत भारत संग खुल्ला सिमाना रहेका तराईका तिन जिल्ला रूपन्देही, कपिलबस्तु र नवलपरासी जिल्लाहरूमा खुल्ला सिमानाका कारण गाँजा/ चरेश जस्ता अवैध लागू औषध भारतीय बजारमा निकासी हुने गरेको र भारतबाट औषधीजन्य लागु औषधको अवैध ओसार-पसार हुने गरेको कारण बुटवल ,पोखरा जस्ता जनघन्त्व बढी भएका शहर र पहाडी जिल्लाहरूका सदरमुकाम तथा तराईका शहरी क्षेत्रहरूमा लागूऔषध दुर्व्यसनीहरूको संख्यामा वृद्धि हुँदा संगठीत रूपमा नै लागुऔषधको ओसारपसार हुने गरेको र पहाडी जिल्लाहरुमा गांजा तथा चरेश जस्ता लागुऔषधको उत्पादन, ओसारपसार र बिक्रि बितरण तथा फार्मेसीहरुबाट अबैध रुपमा बिक्री हुने नियन्त्रित औषधजन्य लागू पदार्थको बढ्दो समस्यालाई दृष्टीगत गरी यसको नियन्त्रण र न्यूनिकरणको लागी नेपाल प्रहरीले सुरक्षाका अन्य निकाय तथा सामाजिक संघ-संस्था र सरोकारवाला निकायहरुसंग समन्वय तथा हातेमालो गरी सामाजिक बिकृती र बिसंगतीलाई न्यूनिकरण गर्न र अपराध नियन्त्रण तथा यस्तो अपराधको प्रभाबकारी अनुसन्धान गरी लागुऔषध सम्बन्धि अपराध रोक्न कोशेढुंगा साबित हुने बिश्वासका साथ लागू पदार्थको विविध पक्षहरूलाई समावेश गरी यसको रोकथाम, नियन्त्रण र न्यूनिकरणको लागि यो कार्य योजना तयार गरिएको छ।

## लक्ष्य :

"लागु औषध अपराध अनुसन्धान, नियन्त्रण गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा परिरहेको असर न्यूनिकरण गर्दै समाजका विकृती, विसंगती हटाई समुन्नत समाज विकास गर्ने"

## उद्धेश्य :

- ❖ लागू पदार्थको खेती नष्ट गर्ने तथा लागू पदार्थको उत्पादन, संचय र भण्डारण हुन नदिने ।
- ❖ लागूपदार्थको ओसारपसार र बिक्री वितरणमा नियन्त्रण गर्ने र सो प्रयोजनका लागि बिभिन्न जनचेतना मूलक कार्यक्रम संचालन गर्ने ।
- ❖ दुर्व्यसनी तथा सेवनकर्ताहरूको उचित ब्यवस्थापन र पुनस्थापना गर्ने ।
- ❖ जोखिम समुहमा लागुऔषधको प्रयोग (Incidence of Drug Abuse) लाई न्यूनीकरण गर्ने ।

## जिल्ला स्तरीय लागु औषध नियन्त्रण समिति :-

लागुऔषध नियन्त्रण संवन्धी कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी समन्वय र सामन्जस्यता कायम गराई कृयाकलापको अनुगमन तथा मूल्याङ्कन गरी कार्यान्वियन स्तरका समस्याको समाधान तथा निराकरण गर्न जिम्मेवारी वहन गर्न जिल्ला प्रहरी कार्यालय प्रमुखको सल्लाह, सुझाब तथा निर्देशनमा परिचालित हुने गरी देहाय बमोजिमको जिल्ला लागुऔषध नियन्त्रण समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. | सहायक कार्यालय प्रमुख, जिल्ला प्रहरी कार्यालय - | संयोजक |
| २. | प्रतिनिधि, सामुदायिक प्रहरी – | सदस्य |
| ३. | प्रतिनिधि, आमा समूह - | सदस्य |
| ४. | प्रतिनिधि, जिल्ला जनस्वास्थ्य कार्यालय – | सदस्य |
| ५. | प्रतिनिधि,पुनस्थापना केन्द्र – | सदस्य |
| ६. | प्रतिनिधि, जिल्ला शिक्षा कार्यालय - | सदस्य |
| ७. | मुख्य \ सहायक लागुऔषध नियन्त्रण अधिकारी जिल्ला प्रहरी कार्यालय – | सदस्य सचिव |

## समितिको काम कर्तव्य :-

१. जि.प्र.का.तथा मातहत ईकाईहरुमा कार्यक्रम कार्ययोजना कार्यान्वयनको प्रभाबकारी समन्वय र सामन्जस्य कायम गर्ने ।

२. कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयनका लागि निकट सरोकारवाला निकायबिच परिणाममूखी समन्वय र सहकार्य गर्ने ।

३. कार्ययोजना कार्यन्वयनको आवश्यक अनुगमन तथा मूल्याङ्कन गरि सुधार तथा जबाफदेहिताको जिम्मेबारी बहन गर्ने ।

४. कार्यायोजना कार्यान्वयनको आवधिक प्रगति प्रतिवेदन तयार गर्ने ।

**अनुगमन मुल्याङ्कन :-** अञ्चल प्रहरी कार्यालय प्रमुख तथा क्षेत्रिय प्रहरी कार्यालय प्रमुखबाट आवधिक रुपमा कार्यक्रमको अनुगमन गरी समिक्षा तथा मुल्याङकन गर्ने ब्यबस्था मिलाउने ।

# मासिक प्रगति प्रतिवेदनको ढाँचा

**प्रतिवेदन मिति :-**

**प्रतिवेदक कार्यालय :-**

**प्रतिवेदन बुझ्ने कार्यालय :- पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पोखरा (अन्वेषण योजना शाखा)**

| सि.नं. | कार्यक्रम तथा क्रियाकलापहरू | अनुगमन तथा प्रभावकारिताको सूचक | जिम्मेवार इकाई | अनुगमन तथा सुपरीबेक्षण इकाई | समय सीमा | कै. |
|---|---|---|---|---|---|---|
| **१. लागूऔषधको खेती (Cultivation) र उत्पादन (Production) मा नियन्त्रण गर्ने ।** | | | | | | |
| **१.१ लागूऔषधको खेती (Cultivation) नष्ट गर्ने ।** | | | | | | |
| | ▪ लागुऔषध (गाँजा,अफिम) खेती हुने क्षेत्रहरुको प्रभावकारी सुचना संकलनबाट पहिचान गरि उत्पादनको प्रारम्भिक बिन्दुमामा नै खेती नष्ट गर्ने तर्फ आवस्यक व्यवस्था मिलाउने । | नष्ट गरेको क्षेत्रफल तथा परिमाण र किसीम | अंचल लागु औषध नियन्त्रण ब्युरो, जिप्रका ,र मातहतका प्रहरी ईकाईहरु | अं.प्र.का क्षे.प्र.का | निरन्तर खेती हुने समयमा | |
| **१. २ लागूऔषधको उत्पादन (Production) मा नियन्त्रण गर्ने ।** | | | | | | |
| | ▪ लागु औषध (गाँजा, अफिम) को उत्पादन तथा प्रशोधन हुने स्थानहरुको प्रभावकारी सुचना संकलनबाट पहिचान गरि आपूर्तिको प्रारम्भिक बिन्दुमा बरामद तथा नष्ट गर्ने तर्फ आवस्यक व्यवस्था मिलाउने । | नष्ट वा बरामद गरेको परिमाण , प्रशोधन औजार तथा रसायन र लागु औषधको किसीम | अंचल लागु औषध नियन्त्रण ब्युरो, जिप्रका र मातहतका प्रहरी ईकाईहरु | अं.प्र.का क्षे.प्र.का | निरन्तर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **२. लागूऔषध ओसारपसार, संचय र भण्डारण तथा खरिद बिक्रीमा नियन्त्रण** | | | | | | |
| **२.१ लागूऔषधको ओसारपसार नियन्त्रण कार्यक्रम।** | | | | | | |
| | ▪ लागूऔषधको ओसारपसार गर्ने / ब्यक्ति,समुह तथा क्षेत्र र सीमा नाकाहरुको पहिचान गरी निरन्तर निगरानी गरी औषधीजन्य लागूऔषधको सीमापारीबाट हुने ओसार पसार तथा आपूर्ति वा भित्रिने कार्यलाई नियन्त्रण गर्न Trans Boarder Counter Parts संग समन्वय गर्ने। | ओसारपसारमा आएको तुलनात्मक कमी, सिमा नाकामा बरामदको परिमाण,किसीम र पक्राउ, नियन्त्रणमा पाएको सफलता | अंचल लागु औषध नियन्त्रण ब्यूरो, कार्यालय प्रमुख, जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | अं.प्र.का क्षे.प्र.का | मासिक | |
| | ▪ लागूऔषधको ओसारपसार गर्ने ब्यक्ति,समुह तथा क्षेत्र र जिल्ला सीमा नाका तथा स्थानहरुको पहिचान गरी निरन्तर निगरानी गरी औषधीजन्य तथा अन्य लागूऔषधको ओसार पसार तथा आपूर्तिलाई नियन्त्रण गर्न जिल्ला लागुऔषध नियन्त्रण समितीको अगुवाईमा सम्पूर्ण प्रहरी ईकाईहरु एकसाथ एकिकृत रुपमा परिचालन हुने। | बरामद गरेको परिमाण, पक्राउ तथा कारवाहीको बिवरण | अंचल लागु औषध नियन्त्रण ब्यूरो, कार्यालय प्रमुख, जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | अं.प्र.का क्षे.प्र.का | हप्तामा एक पटक हुने गरी निरन्तर | |
| **२.२ लागूऔषधको संचय तथा भण्डारण नियन्त्रण कार्यक्रम।** | | | | | | |
| | ▪ लागूऔषधको ओसारपसार तथा कारोवार गर्ने ब्यक्ति, समुहको Link Chart तयार गरी सोबाट संचय गर्ने व्यक्ति, समूह तथा स्थानको पहिचान गरी बरामद र कारबाही गर्ने। | बरामद गरेको परिमाण, पक्राउ तथा कारवाहीको सँख्यागत बिवरण | " | " | " | |
| **२.३ लागूऔषधको बिक्री बितरण नियन्त्रण कार्यक्रम।** | | | | | | |
| | ▪ लागूऔषधको ओसारपसार तथा कारोवार गर्ने ब्यक्ति,समुह तथा दुर्वशनीहरुको Link Chart तयार गरी सोबाट बिक्री बितरण गर्ने व्यक्ति, समूह, स्थान तथा औषधीजन्य लागुऔषधको अवैध कारोवार गर्ने औषधी पसलको पहिचान गरी कारबाही गर्ने। | बरामद गरेको परिमाण, पक्राउ तथा कारवाहीको सँख्यागत बिवरण | " | " | " | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **३. लागूऔषधको दुर्व्यसन नियन्त्रण कार्यक्रम।** | | | | | | |
| | ▪ लागूऔषध दुर्ब्यसनीमा फसेका ब्यक्ति तथा समूहहरुको पहिचान गरी उनिहरु प्रति लक्षित समुहगत परामर्श कक्षा तथा सेवा संचालन गर्ने।<br>▪ लागूऔषध दुर्ब्यसनीमा फसेका ब्यक्ति तथा समूहहरुको पहिचान गरी उनीहरुका गतिबिधिहरु उपर निगरानी राख्ने र दुर्व्यसनीहरुको सर्वोत्तम हितलाई ध्यानमा राखी अभिभाबकहरुको परामर्शमा पुर्नस्थापना केन्द्र (Rehabilitation centre) मा पठाउने व्यवस्था मिलाउने।<br>▪ पुनस्थापना केन्द्रबाट सुधारिएकाहरुको लागि लत पुनरावृति रोक्न पूर्व लागुऔषधकर्मीहरु र अभिभावकहरुको संजाल निर्माण गरि आपसी अन्तरक्रिया गराई सामाजिक उत्तरादायित्व बहन गराउन सामाजिक पुनर्एकिकरणका कार्यक्रम संचालन गर्ने। | परामर्श सेबा संचालन संख्या र सहभागी संख्या, पुनस्थापना केन्द्रमा पठाएको संख्या तथा सामाजिक पुनर्एकिकरणको संख्या र अबस्था। | अंचल लागु औषध नियन्त्रण ब्यूरो, कार्यालय प्रमुख, जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | अं.प्र.का क्षे.प्र.का | हप्तामा एक पटक हुने गरी निरन्तर | |
| **४. लागूऔषध बिरुद्ध जोखिम पर्न सक्ने तथा अन्य सरोकारवाला सबैका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने।** | | | | | | |
| **४.१. बिद्यालय तथा क्याम्पसमा □धारित सचेतना र जागरणमूलक कार्यक्रम संचालन गर्ने।** | | | | | | |
| | जि.प्र.का. तथा मातहत ई.प्र.का.स्तरसम्मको प्रहरी ईकाईहरुले | तालीम र सचेतना कार्यक्रम सचालित संख्या र | " | " | हप्तामा एक | |
| **४.२. लागूऔषधको माग घटाउनका लागि समुदायमा □धारित कार्यक्रम संचालन गर्ने।** | | | | | | |
| ४.२.१ | ▪ जोखिमयूक्त महिला,अभिभावक तथा यूवा समुहलाई लक्षित गरी लागूऔषध सम्वन्धि सचेतनामूलक कार्यक्रम संचालन गर्ने।<br>▪ आमा समुह, यूवा क्लव, बाल क्लव, चेलिबेटी समुह, अन्य पेशागत संघ संस्थाहरुलाई लागूऔषध बिरुद्धको दवाव समुहको रुपमा समेत परिचालन गर्न अभिमुखिकरण कार्यक्रम संचालन गर्ने। | जोखिमयूक्त समुहमा संचालन गरेको सचेतना कार्यक्रम तथा सहभागी संख्या र दवाब समुहको अभिमुखिकरण र परिचालनको संख्यागत अवस्था | " | " | हप्तामा एक पटक हुने गरी निरन्तर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.२.२ | ▪ जि.प्र.का. तथा मातहत प्रहरी ईकाईहरुले बजार ईलाका तथा मानिस भिडभाड हुने सेबाग्राही कार्यालयहरुमा सुचनामुलक होडिङ वोर्डहरु राख्ने । (जि.प्र.का-१०, ई.प्र.का- ६, प्रहरी चौकी-३) | होडिङ वोर्डहरु राखेको संख्या | " | " | एक महिना भित्रमा | |
| **४.३. लागु औषध नियन्त्रण सम्बन्धि कारागार लक्षित विशेष कार्यक्रम संचालन गर्ने ।** | | | | | | |
| | ▪ लागूऔषध अपराध र दुर्व्यसनका बारेमा कारागारका कैदीहरुमा मनोसामाजिक धारणामा परिबर्तन ल्याउन लागुऔषध सम्वन्धित प्रचलित कानूनको जानकारीमूलक सचेतना कार्यक्रम संचालन गर्ने । | संचालित कार्यक्रमको संख्या र सहभागी संख्या | जिप्रका तथा जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | अं.प्र.का क्षे.प्र.का | मासिक एक पटक निरन्तर | |
| **४. ४. सडक बालबालिकाहरु प्रति लक्षित कार्यक्रमहरू संचालन गर्ने ।** | | | | | | |
| | ▪ सडक बालबालिकाहरूलाई विभिन्न सडक नाटक पर्चा,पम्पलेट,गीत संगीतको माध्यमबाट लागु औषध विरूद्ध चेतनामूलक कार्यक्रम संचालन गर्ने ।<br>▪ लागूऔषधबाट प्रभाबित वालवालिकाहरुलाई संरक्षकत्व तथा पुनस्थापना गर्न सहयोगी हुने कार्यक्रम संचालन गर्ने । | सचेतना कार्यक्रम र सहभागी संख्या तथा संरक्षकत्व र पुनस्थापना गरेका सडक बालबालिकाहरूको संख्या । | जिप्रका तथा जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | क्षे.प्र.का. अं.प्र.का. | पाक्षिक रुपमा एक पटक निरन्तर | |
| **४. ५. लागु औषध विरूद्धको अभियानमा  मसंचारका माध्यमहरूलाई परिचालन गर्ने र सुचना प्रवाहमा व्यापकता ल्याउने ।** | | | | | | |
| ४.५.१ | ▪ लागूऔषध विरूद्ध जनचेतना जगाउन आम संचारकर्मीहरूलाई अभिमुखीकरण गर्ने । | अभिमुखीकरण र सहभागी संख्या | जिप्रका तथा जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | क्षे.प्र.का. अं.प्र.का. | त्रैमासिक रुपमा एक पटक निरन्तर | |
| ४.५.२ | ▪ लागूऔषध सम्वन्धी जानाकारी, सचेतना तथा खोजमुलक सामाग्री पत्रपत्रिकाहरुमा प्रकासन गर्ने गराउने । | प्रकाशित पत्रपत्रिकाको किसीम र पटक संख्या | " | " | निरन्तर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.५.३ | ▪ बिभिन्न चेतनामुलक श्रव्य, दृष्य तथा चलचित्र सामाग्री उत्पादन गर्न प्रोत्साहित गर्ने, प्राप्ती गर्ने र आम बिद्युतिय माध्यमबाट प्रसारण गर्ने गराउने । | बिद्युतिय सामाग्रीको उत्पादन र प्रसारण पटक संख्या तथा किसीम | " | " | निरन्तर | |
| **५. सरोकारवाला निकायहरु बिचको सहकार्यमा जोड दिने ।** | | | | | | |
| | ▪ लागु औषध रोकथाम तथा नियन्त्रणसँग सरोकार राख्ने बिभिन्न निकायहरू तथा अनुसन्धानमा सम्लग्न निकायहरु बीच प्रभाबकारी सहकार्य र समन्वय गर्ने ।<br>▪ औषधीजन्य नियन्त्रित लागु औषध तथा मनोद्धिपक पदार्थको अवैध बिक्री बितरणमा रोक लगाउन प्रभाबकारी अनुगमन गर्ने गराउने । | समन्वय र सहकार्यका बैठक संख्या , अनुगमन संख्या तथा उपलब्धीहरु । | जिप्रका तथा जिल्ला स्तरीय लागुऔषध नियन्त्रण समिति | क्षे.प्र.का. अं.प्र.का. | पाक्षिक रुपमा एक पटक निरन्तर | |
| **६. अनुगमन र मूल्याङ्कन** | | | | | | |
| | ▪ मातहत कार्यालयहरूबाट लागूऔषध नियन्त्रण तथा दुर्व्यसन र सचेतनाका लागि गरिएका कार्यहरूको अनुगमन र मुल्यांकन विशेष जोड दिने । | अनुगमनको संख्या र तथ्यगत बिवरण तथा पुरस्कार र सँजायको संख्या । | जिप्रका र मातहतका प्रहरी ईकाईहरु | क्षे.प्र.का/ अं.प्र.का, जिप्रका | पाक्षिक रुपमा एक पटक निरन्तर | |